# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्ड:५ संख्या:१

स्वीकृत मिति:२०७९/०४/१३

स्थानीय राजपत्रमा प्रकाशित मिति:२०७९/०५/०८

## भाग २

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

देवचुली नगरपालिका राजपत्र

## प्रस्तावना

२०४६ सालमा भएको राजनैतिक आन्दोलनबाट निरकुंश राजतन्त्रको अन्तपछि संविधान सभाबाट प्राप्त भएको नेपालको संबिधान २०७२ मा जनताको घरदैलोमा सरकारको प्रत्याभुति दिलाउने उद्देश्यका साथ तीन तहको सरकारको संरचना अनुसार स्थानीय सरकार जनतासंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्ने सबैभन्दा नजिकको सरकार हो । संघिय संरचना अनुरुप लोकतन्त्रका लाभहरुको समानुपातिक, समाबेशी र न्यायोचित बितरण गरी कानुनी राज्य, दिगो बिकास र आर्थिक समृद्धिको अवधारणालाई स्थानीय तहदेखि नै सुदृढ गर्नका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समाजका बिद्यमान सबै अंग एंव सरोकारवालाहरु र स्थानीय जनता समेतको समतामूलक सहकार्य एंव सहभागिताबाट मात्र स्थानीय तहको ( नगरपालिका क्षेत्रको) सम्रग विकास सम्भव भएको तथ्य निर्विबाद छ । सुशासनमा आधारीत समग्र बिकास प्रक्रियाको सुनिश्चितताका लागि स्थानीय तहमा महिला, बालबालिका, दलित, जनजाती, अपांग, जेष्ठनागरीक, तेस्रो लिङ्गी एबं  सामाजिक बञ्चितिकरणमा परेका समुदायहरु प्रति बिद्यमान लैंगिक असमानता र सामाजिक बिभेदहरुको अन्त्य गरी न्यायोचित पहुँच पुऱ्याउने नीतिको अभाव रहेसम्म लैंगिक समानतामा आधारीत समाबेशी चरित्रको समाजको निर्माण गर्न सकिदैन । हाम्रो नवलपरासी (ब.सू.पू) जिल्लाको आठ वटा स्थानीय सरकारहरु मध्ये देवचुली नगरपालिका पूर्व गैडाकोट नगरपालिका पश्चिम कावासोती नगरपालिका उत्तर बुलिङटार गाँउपालिका दक्षिण नारायणी नदी सिमाना भित्र पर्दछ । संविधानमा व्यवस्थीत सुशासनको प्रभावकारी कार्यान्वयनबाट मात्रै नगरपालिकाका क्षेत्रमा रहेका सबै वर्ग, लिङ्ग, समुदायमा स्रोत माथिको निर्णय तथा नियन्त्रणमा अधिकार साथै लाभमा समतामूलक पहुँच सुनिश्चित गराउने



देवचुली नगरपालिका राजपत्र

सन्दर्भमा देवचुली नगरपालिकाबाट निर्माण गरिने लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीतिले प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

महिला, दलित, जनजाती, अपाङ्गता भएका ब्यक्ति, बालबालिका एवं जेष्ठ नागरीक लगायत पछाडि परेका वा पारिएका समूह एबं समुदायहरू लैंगिक बिभेद, असमनता र सामाजिक वञ्चितीकरणमा परेको तथ्य सर्वविदीतै छ । संघिय संरचना अनुरुप ३ तहको सरकारको अवधारणा कार्यान्वयन भइरहदा पनि घर-परिवार एबं समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सरकारी, गैरसरकारी निकायहरु र निजि क्षेत्रहरुमा समेत लैंगिक बिभेद र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान छ । नेपाल सरकारद्धारा निर्मित राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय स्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न प्रतिवद्धताहरुको परिपालनालाई स्थानीय तहदेखि नै कार्यान्वयनका लागि मार्गनिर्देश गर्न प्रत्यक्ष सहयोग पुग्नेगरी देवचुली नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माण गरिएको छ ।

देवचुली नगरपालिकाका सबै संयन्त्रहरु र क्षेत्र भित्र कार्यरत सबै सरकारी निकायहरु, संघसंस्था र निजि क्षेत्रबाट संचालन हुने कार्यक्रम तथा आयोजनाहरु र बजेट बिनियोजन प्रक्रियामा मार्गदर्शन गर्ने उद्धेश्य राखी यो नीति तयार गरिएको हो । यस नीतिका प्रमुख उपयोगकर्ताहरू देवचुली नगरपालिका तथा यस अन्तर्गतका बिभिन्न बिषयगत शाखा, उपसमिति, वडा कार्यालयहरु, यस क्षेत्र भित्र कार्यरत गैरसरकारी संघसंस्था, दातृ निकायको सहयोगमा संचालीत कार्यक्रम र निजि क्षेत्र र समुदायस्तरका संस्थाहरू समेत हुनेछन् ।

लैंगिक तथा सामाजिक समाबेशी नीतिले बिशेष गरी नगरपालिका क्षेत्रमा रहेका विद्यमान लैगिक असमानता तथा सामाजिक विभेदहरुको अन्त्य गर्न सहयोग पुर्याउने छ । नेपालको संबिधान २०७२ ले लैंगिक बिभेद र असमानता बिरुद्ध निर्दिष्ट गरेका मौलिक हक एबं लैंगिक मूलप्रबाहीकरण जस अन्तर्गत धारा १७ स्वतन्त्रतताको हक, धारा १८ समानताको हक, धारा १९ न्याय सम्वन्धि हक, धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २६ धार्मिक स्वतन्त्रतताको हक, धारा २९ शोषण विरुद्धको हक, धारा ३१ शिक्षा सम्वन्धि हक, धारा ३२ भाषा तथा सस्कृतिको हक, धारा ३३ रोजगारीको हक, धारा ३५ स्वास्थ सम्वन्धि हक, धारा ३६ खाद्यय सम्वन्धि हक, धारा ३७ आवासको हक, धारा ३८ महिला हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ जेष्ठ नागरीकको हक, धारा ४२ सामाजिक न्यायको हक, धारा ४३ सामाजिक सुरक्षाका हक पर्दछन भने उक्त मौलिक हक कार्यान्वियनका लागी केही महत्व पूर्ण ऐनहरु पनि संघिय सरकारबाट निर्माण भएका छन् । मौलिक हक कार्यान्वयनका लागी निर्माण भएका ऐनहरुमा जातिय भेदभाव तथा छुवाछुत ऐन २०६८, अपाङगता व्यक्तिको अधिकार ऐन २०७५, आवासको अधिकार ऐन २०७५ खाद्यय सम्वन्धि ऐन २०७५, अनिर्वाय तथा निशुल्क शिक्षा ऐन २०७५, रोजगारी सम्वन्धि ऐन २०७५, सामाजिक सुरक्षा ऐन २०७५, बालबालिका सम्वन्धि ऐन २०७५, स्थानिय तह निर्वाचन ऐन २०७४ ( वडा सदस्य महिला, महिला दलित, पालिकाको कार्यपालिका, जिल्ला समन्वय समिति, एउटै दलको भएमा उपाध्यक्ष, उप प्रमुख महिला), ऐकिकृत सामान्य कानुन मुलुकी देवानी संहिता २०७४ । स्थानीय सरकार संचालन ऐन २०७४ ले लैंगिक समानता तथा समाबेशीकरण सुदृढ गर्न निर्दिष्ट गरेका बिषयहरु, दिगो विकास एजेण्डा २०३० को लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैगिक

देवचुली नगरपालिका राजपत्र

समानता तथा महिला सशक्तिकरण, १५ औं पञ्चबर्षिय योजना र त्रिवर्षिय अन्तरिम योजनाले निर्दिष्ट गरेका रणनीतिक आधारस्तम्भहरुलाई ब्यबहारीक कार्यान्वयन मार्फत सार्थकता दिनका लागि यस नीतिले स्थानीय सरकारलाई उल्लेख्य योगदान गर्नेछ ।

यो नीति लागू भएपछि देवचुली नगरपालिकामा लैंगिक मैत्री संस्थागत संयन्त्रहरुको निर्माण भई हरेक तह र इकाईहरुमा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता बृद्धि हुने तथा लैंगिक उत्तरदायी योजना, बजेट तथा कार्यक्रम र मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण, तथ्यांक तथा सुचनाहरुको अद्यावधिक र लैंगिक तथा सामाजिक समाबेशी क्षैत्रमा नेपाल सरकारले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन भई लैंगिकमैत्री तथा सामाजिक समावेशीकरण कार्यप्रणालीको संस्थागत बिकास हुने अपेक्षा गरिएको छ ।

## दिर्घकालिन सोंच :

- यस देवचुली नगरपालिका क्षेत्र अन्तरर्गत सवै क्षेत्रहरुमा सामाजिक समावेशीकरण लैंङ्गिक समानता तथा सामाजिक न्याय मा आधारीत समक्ष, सुदृढ, समावेशी पहुच सहितको समृद्ध समाजको निर्माण गर्ने ।

## लक्ष्य :

- लैङ्गिकमैत्री संस्थागत संरचना, कार्यप्रणाली र सामाजिक सम्वन्धमा सुधार ल्याई स्थानीय तहको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी रुपले मूलप्रवाहीकरण गर्ने ।



देवचुली नगरपालिका राजपत्र

## उद्देश्यहरु :

- देवचुली नगरपालिका का अन्तर्गत योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा सामाजिक रुपले समानुपातीक सहभागिता सुनिश्चित गर्नु ।
- देवचुली नगरपालिकाका बिषयगत शाखा, समिति, उपसमिति तथा बिभिन्न इकाईहरु वडा कार्यालय र जनप्रतिनिधीहरुलाई स्रोत परिचालन, सेवा प्रबाह र लाभको बाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित अनुभुत गराउने ।
- देवचुली नगरपालिकाका क्षेत्रमा कार्यरत संघसंस्था, विकास साझेदार , निजी क्षेत्र र सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तार गरी योजना निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत बिकासका सबै चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका प्रक्रियालाई सुनिश्चित गर्दै लैंगिक उत्तरदायी र जफावदेही हुन मार्गदर्शन गराउने ।
- महिला, दलीत, अपांग, जेष्ठनागरीक, बालबालिका, विपन्न तथा वञ्चित समुदायका आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिल हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गराउने ।

देवचुली नगरपालिका राजपत्र

- महिला, बालबालिका, जेष्ठ नागरीक, अपांग, विपन्न तथा वञ्चितीकरणमा परेका समुदायको सशक्तिकरण एबं क्षमता विकास गरी विकास प्रक्रियामा सक्रिय सहभागिता गराई समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

- स्थानीय तहका लक्षीत समुदायहरुको लैंगिक तथा सामाजिक समावेशीकरणका सम्वन्धि सवालहरुको र पहिचान गरी तथ्यांक संकलन तथा अद्याबधीक गर्ने र पहिचान गरी एकासवाल र विषयहरुलाई संवोधन गरी लैंगिक तथा सामाजिक समावेशीकरण प्रकृयामा सामेल गराउने ।

## प्रमुख नीतिहरु :

देवचुली नगरपालिकाको निर्दिष्ट गरेका सामाजिक समावेशीकरण सम्वन्धी नीति, कार्यनीति दिर्घकालिन योजना र उपलब्धीहरुलाई संस्थागत गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक, दलित, विपन्न एंव वञ्चित वर्गका समस्याहरु र लैंगिक असमानतालाई प्रभावकारी ढंगले सम्वोधन गरी प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार, समुदाय र सम्बन्धीत सरोकारवालाहरु वीच पारस्परीक सम्बन्ध बिस्तार तथा नगरपालिकाका साझेदारीहरु मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरी लैगिक समानता र सामाजिक न्यायमामा आधारीत समृद्ध समाज निर्माण गर्नको लागी कावासोती नगरपालिकाको सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिहरु निम्न बमोजिम छन् :

१) देवचुली नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशी र सुशासन सम्वन्धि संयन्त्रहरुको निर्माण र विकास गरिनेछ ,

२) देवचुली नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका बिषयगत क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ,

३) देवचुली नगर पालिकामा लैंगिक उत्तरदायी योजना, कार्यक्रम तथा बजेट निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइनेछ,

४) देवचुली नगरपालिकामा सुचना शाखाको ब्यबस्थापन गरी तथ्यांक एबं सुचना संकलन, विश्लेषण र नियमित अद्याबधीक गरिनेछ

५) देवचुली नगरपालिका क्षेत्र भित्रका सार्बजनिक स्रोतहरुको उपयोग, निर्णय प्रक्रिया र लाभ वितरणमा समतामूलक पहुँच तथा न्यायोचीत बितरण प्रणाली र समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

६) देवचुली नगर भित्रका समुदाय तहका महिला, एकल महिला, बालबालिका, दलित, अपांग, जेष्ठनागरीक, आदिबासी जनजाति, विपन्न तथा पिछडिएको वर्गहरुको क्षमता बिकास गरी बिकासको मुलप्रवाहमा सामाजिक सशक्तिकरण मार्फत सामेल गरीनेछ ।

७) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा नगरपालिका लगायत वडा तहसम्म जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिनेछ ।

८) यस देवचुली नगरपालिकामा शाखा, उपशाखाको व्यवस्थापन गरी कार्यान्वयनका लागी समिति गठन, आवश्यक कर्मचारीको व्यवस्थापन र लैंगिक सम्पर्क ब्यक्ति नियुक्त गरी परिचालन गरिनेछ ।

देवचुली नगरपालिका राजपत्र

## <u>प्रमुख रणनीति तथा कार्यनीतिहरु :</u>

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण विषय केवल सैद्धान्तिक विषय मात्र होइन । यो विषयलाई व्यवहारीक रपमा कार्यान्वयन गर्नको लागी लैंगिक संबेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्र विना सम्भव छैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सामाजिक सहभागिताबाट मात्रै सम्भव छ । त्यसैले यस नीतिले निर्दिष्ट गरे अनुरुप नगरपालिका का कार्यक्रमहरुको संरचना र कार्यक्रमका माध्यमबाट नगरपालिकाले आफनो कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक छ । तसर्थ नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिहरुलाई नगरपालिकामा पुर्ण रुपले अवलम्बनका गर्नका लागि यस नीति अन्तर्गत विभिन्न रणनीति तथा कार्यनीतिहरु तय गरिनु आबश्यक भएको हुदाँ नगरपालिकाबाट निम्न बमोजिमका प्रमुख रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ ।

## <u>रणनीति नं १.</u>

**स्थानीय तहको नीति, कार्यक्रम र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी पद्धतिको बिकास र लैंगिक संबेदनशिल कार्यप्रणाली अवलम्बन ।**

क.) नगरपालिकाले आफनो नीति तथा योजनाहरूका पुनरावलोकन गरी समग्र विकासमा जोड दिने ।

देवचुली नगरपालिका राजपत्र

## कार्यनीतिः

- नगरपालिकाको आवधिक, विषयगत एवं बार्षिक योजना, गुरुयोजना र विद्यमान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरु लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।
- आवश्यक निर्देशिका एबं कार्ययोजना निर्माण गरी लागु गर्ने ।
- नगरपालिकाले वडा तहसम्म लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने ।
- स्थानीय तहमा परिचालीत संघसंस्था र सरोकारवाला निकायहरुलाई लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका अभिमुखिकरण गराई सोही अनुरुप कार्यक्रम कार्यान्वयन गर्न निर्देशन गर्ने ।

## रणनीति नं १.ख

महिला, बालबालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरीक, विपन्न एंव पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।

## कार्यनीतिः

- नगरपालिका भित्र रहेका महिला, एकल महिला, अपांग, जेष्ठनागरीक लगायत वञ्चित समुदायलाई बिशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने ।
- नगरपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरुको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गर्ने ।

- विपन्न एवं बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम तथा बजेट  सुनिश्चित गर्ने ।
- नगरपालिका को योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एवं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने ।

## रणनीति नं २.

**सुशासनमा आधारीत लैंगिक तथा सामाजिक समावेशी सहभागिता र संस्थागत संयन्त्रहरुको विकास र परिचालन ।**

क) स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

## कार्यनीतिः

- नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण इकाई/शाखा स्थापना गर्ने र कार्यान्वयनका लागि लैंगिक सम्पर्क व्यक्ति तोक्ने ।
- नगरपालिकास्तरको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने ।
- नगरपालिकामा गठन गरिने बिभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैंगिक तथा समाबेशी सहभागिता सुनिश्चित गर्ने ।
- नगरपालिकाका सबै संयन्त्रहरु र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैंगिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको ब्यबस्था सुनिश्चित गर्ने ।

देवचुली नगरपालिका राजपत्र

- नगरपालिका र उक्त क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजी क्षेत्रबाट संचालीत योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समाबेशी परीक्षण (Gender and Social Audit) गर्ने, गराउने ।
- नगर क्षेत्रमा निर्माण उपभोक्ता समितिमा समाबेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने ।
- नगरपालिका क्षेत्रका सेवाग्राहीहरुको सहभागितामा सेवाप्रदायक निकाय तथा संस्थाहरुले आवधिक सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।
- महिला, तथा दलित वर्गको सहभागिता हुने गरी लैंगिक तथा समाबेशी सहभागीता हुने गरी टोल समिति गठन गरी पचिालन गर्ने ।
- महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको नगरपालिकामा प्रत्यक्ष पहुँचका लागि सञ्जाल निर्माण गरी परिचालन गर्ने ।
- स्थानीय सरकारबाट गरिने सेवा प्रबाह प्रक्रियामा लैंगिक सम्बेदनशिल कार्य प्रणाली अवलम्वन गर्ने ।

**रणनीति नं २.ख.**

स्थानीय स्रोतको बिनियोजना तथा सेवा प्रवाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समावेशी उत्तरदायी तथा जवाफदेही बनाउने ।

देवचुली नगरपालिका राजपत्र

## कार्यनीतिः

- स्थानीय तहका कर्मचारीहरुको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशी हिसावले संबेदनशिलता हुनु पर्ने बिषयहरु समाबेश गर्ने ।
- लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाउन दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने,
- नगरपालिकामा कार्यरत महिला कर्मचारीहरुका लागि लैंगिकमैत्री कार्यस्थल तथा कार्यवातावरणको सिर्जना गर्ने ।
- नगरपालिका कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी नीति तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउन अभिमूखिकरण गरी लैंगिक संबेदनशिल कार्यप्रणाली तथा कार्यब्यबहार अपनाउन सजक बनाउने ।
- समूह/समितिको निर्णय, आम्दानी तथा खर्च, लगायतका विवरण र प्रक्रिया पारदर्शी बनाउने ।
- नगरपालिका अन्तर्गतका समूहहरु र सेवाप्रदायक निकाय वीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।

## रणनीति नं २.ग.

नगरपालिकाको निर्णायक तहमा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्ने, गराउने ।

देवचुली नगरपालिका राजपत्र

## कार्यनीतिः

- नगरपालिमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरुको नेतृत्व बिकास सम्बन्धी क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने,
- नगरपालिकाबाट संचालीत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित बिभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका समितिहरुमा महिला, दलित तथा वञ्चित वर्गका ब्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने ।
- उपभोक्ता समितिको मुख्य निर्णायक पदमा अनिवार्य महिला तथा लक्षित वर्ग रहने ब्यबस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

## रणनीति नं ३.

**लैंगिक तथा सामाजिक समावेशीकरण संबेदनशिल बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन**

क. नगरपालिकामा महिला, अपांग, दलित, जेष्ठ नागरीक, बालबालिका बिपन्न लगायत बञ्चित बर्गहरुको उत्थान सम्बन्धी कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## कार्यनीतिः

- स्रोत र सेवामा महिला, दलित, विपन्न एंव वञ्चित वर्गको पहुँच बृद्धि, सशक्तिकरण र परम्परागत मूल्य मान्यतामा परिवर्तन ल्याउने किसिमको बजेट तथा कार्यक्रमलाई प्राथमिकता दिने ।

देवचुली नगरपालिका राजपत्र

- सामाजिक विश्लेषण, सेवा तथा सुविधा नक्साङ्कन आधारभुत सर्बेक्षण गरी सबै पक्षलाई समावेश गरी जिविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।
- जनचेतना तथा महिलाहरुको क्षमता बिकासका लागि प्रजनन् स्वास्थ्य, यौन रोग तथा एच.आई.भिं एड्स, एकल महिला अधिकार, किशोर किशोरी शिक्षा, कानुनी शिक्षा, लैंगिक हिंसा न्यूनिकरण, महिला सशक्तिकरणका कार्यक्रम संचालन गर्ने ।
- महिला उत्थान कार्यक्रम अन्तर्गत महिलालाई प्रत्यक्ष फाइदा पुग्ने गरी रकम बिनियोजीत गरी प्राविधिक जनशक्ति तयार, आय आर्जन, उद्यमशिलता बिकास तथा सिपमुलक विषयहरुलाई प्राथमिकता दिने ।
- गरिब, असहाय, जेष्ठनागरीक, अपाङ्ग, अल्प संख्यक तथा अशक्तलाई विशेष सहुलियत दिने कार्यक्रमको तर्जुमा गर्ने ।
- लक्षित वर्गहरुको उत्थान क्षेत्रमा योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि वडा तहमा गठन भएको महिला, बालबालिका, दलित, जनजाति, अपांग जेष्ठ नागरीकको सञ्जाल परिचालनका लागि बजेट बिनियोजन गर्ने ।
- नगरपालिकाबाट गरिने योजना तर्जुमा सम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एबं अनुगमन प्रक्रियामा समेत महिला, दलीत, जेष्ठ नागरीक, अपांग लगायत वञ्चित तथा गरिब वर्गहरुको सहभागिता हुने गरी उनीहरुको संगठित सञ्जालहरुलाई संलग्न गराउने ।

## रणनीति नं ३.ख

महिला, एकल महिला, अपांग, जेष्ठनागरीक, गरिब, दलित एंव वञ्चित वर्ग प्रति सकरात्मक विभेद हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।



देवचुली नगरपालिका राजपत्र

## कार्यनीतिः

- नगरपालिकाले कर्मचारी भर्ना गर्दा कम्तिमा ३३ प्रतिशत महिलालाई स्थान दिने ।
- सरकारी संयन्त्रहरुमा महिला एंव वञ्चित बर्गको सहभागिता बृद्धि गर्न स्थानीय तहका सम्भावित लक्षीत बर्ग समुदायका उम्मेदवारहरुलाई लोकसेवा पूर्व तयारी कक्षा एबं तालिमको व्यवस्था गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका स्रोतको उपयोग र फाइदा बाँडफाँड र बितरणमा दलित, वञ्चित तथा विपन्न वर्गको हिस्सा सुनिश्चित गर्ने ।
- नगरपालिकाको विकास कार्यमा आदिवासी जनजाति र दलितहरुको परम्परागत ज्ञान र सीपमा परिमार्जन र सुधार हुने कार्यक्रमहरु तर्जुमा एंव कार्यान्वयन गर्ने ।
- लैंगिक हिंसा पिडितहरु, जोखिममा रहेका असहाय र हेरचाह बिहिन बालबालिका र असहाय तथा हेरचाह बिहिन जेष्ठ नागरीकहरुको संरक्षणका लागि सेवा केन्द्रको ब्यस्थापन सम्बन्धी बजेट तथा कार्यक्रम ल्याउनुका साथै छुट्टै कोषको स्थापना गरी परिचालन गर्ने ।
- महिला तथा वञ्चित वर्गको विद्यमान कार्यबोझ कम गर्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

## रणनीति नं ३.ग.

नगरपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक उत्तरदायी बनाउन साथै लैंगिक एबं सामाजिक समाबेशी हिसावले कार्यक्रम तथा बजेट निर्माण र अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।

देवचुली नगरपालिका राजपत्र

## कार्यनीतिः

- नगरपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम र बजेटको निश्चित प्रतिशत रकम महिला, गरिब, दलित, एंव अन्य वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने ।
- नगरपालिकाबाट अधिकतम संख्यामा महिला, दलित र विपन्न एंव वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने ।
- नगरपालिकाको विकट एवं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम बजेट क्रमशः बृद्धि गर्दै जाने ।
- नगरपालिकाको सबै वडा तथा समुदाय तहसम्मको लैंगिक तथा सामाजिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण र नियमित अद्यावधिक गरी सूचना प्रवाह गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने ।
- सबै तहमा गरिने सूचना संकलन तथा समिक्षामा लैंगिक, गरिबी तथा सामाजिक समता (Gender, Poverty and Social Equity) तर्फ भएका प्रगती मापन सम्बन्धी सूचकका आधारहरु तय गर्ने, गराउने ।
- स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारामहरुमा लैंगिक तथा समाबेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने ।
- स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रबाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।
- नगरपालिका अन्तर्गतका सबै कार्यक्रमहरुको लैंगिक तथा सामाजिक परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै जाने ।

देवचुली नगरपालिका राजपत्र

- नगरपालिका तहमा गठन भएको लैंगिक तथा सामाजिक समावेशीकरण समितिले संयुक्त अनुगमन गरी वार्षिक समिक्षा गर्ने ।
- समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाइ तथा अनुभवहरुको आदान प्रदान गर्ने ।

## रणनीति नं ३.घ.

स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवम् उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रबाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।

## कार्यनीतिः

- समुदाय तहमा कृषिको आधुनिकीकरण तथा कृषि विकासका क्रियाकलाप मार्फत विपन्न वर्गको खाद्य सुरक्षा बृद्धि गर्ने ।
- विपन्न तथा वञ्चित समुदायहरुलाई श्रोत र सेवामा समानुपातिक पहुँच सुनिश्चितता र वैकल्पिक रोजगारीका अवसरहरुको मात्रामा उल्लेख्य बृद्धि गर्ने ।
- नगरपालिकाको बार्षिक कार्यक्रमहरुमा महिला, विपन्न एंव वञ्चित वर्गको आवश्यकता पहिचान गरी माग अनुसारका कार्यक्रमहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- लक्षीत बर्ग समुदायमा टेवामूलक कार्यक्रम मार्फत महिला र बालवालिका माथि हुने बिभेद र हिंसा न्यूनिकरण गर्ने, महिलाका बिद्यमान कार्यबोझ

देवचुली नगरपालिका राजपत्र

कम गर्ने र स्वास्थ्य स्थिति सुधार गर्नमा योगदान हुने खालका कार्यक्रम गर्ने ।

- आन्तरिक तथा सेवाप्रदायक संस्थाहरुसँगको पारस्परिक सहयोगी सम्बन्ध र समूह/समुदायमा लैंगिक तथा जातिगत विभेद घटाउदै लैजाने ।

## रणनीति नं ४.

**नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समाबेशी बिकाका लागि जारी गरेका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धतहरुको कार्यान्वयन**

## रणनीति नं ४.क.

लैंगिक हिंसा तथा यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता कायम गर्दै हिंसा मुक्त समाज निर्माण तर्फ अग्रसर रहने ।

### कार्यनीतिः

- नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा स्थानीय तहका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।
- महिला, बालबालिका र मानवअधिकार सम्बन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरु र नेपाल सरकारद्धारा बिभिन्न समयमा गरिएका मानवअधिकार, CEDAW CRC, BPFA लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुका बारेमा वडा तथा समुदाय तहमा ब्यापक जानकारीको लागि सचेतनामुखि अभियानका कार्यक्रमहरु संचालन गर्ने ।

देवचुली नगरपालिका राजपत्र

- नगरपालिकाको वडा तहसम्म लैंगिक तथा सामाजिक समावेशीकरण र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप स्थानीय तहमा बिभिन्न  सिप तथा क्षमता बिकासका कार्यक्रम कार्यान्वयन गर्ने ।
- लैंगिक हिंसामुक्त वडाहरु र वस्ती घोषणा गर्नका लागि नगरपालिका ले दिर्घकालिन कार्ययोजना बनाई प्रतिबद्धताका साथ सबै सरोकारवालाहरुसंगको सहकार्यमा  वडा तथा समुदाय तहमा ब्यापक अभियान संचालन गर्ने ।
- शान्ति निर्माण प्रक्रियामा महिला सहभागीता अभिबृद्धि र द्वन्द्ध र द्वन्द्ध पश्चात हुने हिंसाबाट प्रभाबीतहरुको सुरक्षा सम्बन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी बिषयमा जनप्रतिनिधी लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखिकरण गर्ने साथै संचार माध्ययम र प्रचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याइ जानकारी गराउने ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार (निवारण) ऐन  ०७१ मा भएका प्राबधानहरुको बारेमा जनप्रतिनिधी लगायत कर्मचारी तहमा ब्यापक जानकारी गराई यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अपनाउन प्रेरीत गर्ने ।

## रणनीति नं ४.ख.

समाजमा बिद्यमान गलत सामाजिक अभ्यास तथा सामाजिक बिभेदको अन्त्य, महिलाहरुको श्रमको उचीत मुल्यांकन र दिगो बिकास प्रक्रियालाई संस्थागत गर्ने ।

देवचुली नगरपालिका राजपत्र

**कार्यनीतिः**

- समुदायस्तरमा प्रचलित कुरिति र कुसंस्कार अन्त्य गर्ने खालका सुजनात्मक कार्यक्रमहरु जस्तैः जातीय बिभेद, सामाजिक बिभेद, लैंगिक बिभेद बिरुद्ध समुदाय तहमा कानुनी शिक्षा र जनचेतनामूलक अभियान संचालन गरी समुदाय तहमा बिभेद बिरुद्ध वकालत गर्ने क्षमताको अभिबृद्धि गर्ने ।
- बैदेशिक रोजगारीमा जाने महिलाहरुलाई बैदेशिक रोजगारी सम्बन्धी ब्यबस्थाहरुको बारेमा ज्ञान र बिदेशमा गई काम गर्न सक्ने सिप तथा क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने,
- दिगो बिकास एजेण्डा २०३० मा ब्यबस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अन्तगतका सुचकहरु साथै दिगो बिकास लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैंगिक समानता तथा महिला सशक्तिकरण बारेमा नगरकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको बिनियोजनमा प्राथमिकता दिने ।
- आम महिलाहरुको दैनिक घरायसी कामको मुल्यांकन गरी उत्पादन मुल्यमा समायोजन गर्ने ।

## परिच्छेद २ : लैंङ्गिक समानता तथा साािजक समाबेशी नीति निर्माण, कार्यान्वयन र अनुगमन

### २.१. लैंङ्गिक समानता तथा सामाजिक समाबेशी नीति निर्माण :

स्थानीय सरकारको समग्र बिकास प्रक्रियालाई लैंगिक तथा सामाजिक समाबेशी हिसाबले मूलप्रबाहीकरण गर्न र स्थानीय तहबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरुको बाँडफाँडमा र लैंगिक तथा समाबेशी पहुँच



देवचुली नगरपालिका राजपत्र

सुनिश्चिततताका लागि लैंगिक तथा सामाजिक समाबेशी नीति निर्माण गरी लागु गरिएको हो । देवचुली नगरपालिकाले निर्माण गरी लागु गरिएको नीति देवचुली नगरपालिकाका सबै संयन्त्रहरु सरकारी निकाय, गैरसरकारी, संघ संस्था, दातृ निकाय लगायत निजी क्षेत्र समेतले अवलम्बन गर्नेगरी आबश्यक समन्वय र साझेदारी गरिनेछ ।

देवचुली नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशी नीति निर्माणको क्रममा नेपालको संबिधान २०७२, संविधानमा व्यवस्थीत मौलिक हकहरुमा तथा उक्त मौलिक हकहरु कार्यान्वनय गर्न नेपाल सरकार र संघिय सरकारबाट निर्माण भएका ऐनहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४, दिगो बिकास लक्ष्य २०३० लगायत नेपाल सरकारबाट लैंगिक समानता र सामाजिक समाबेशीकरणका बिषयमा जारी गरिएका बिभिन्न राष्ट्रिय नीति तथा कानुनहरु र अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई आधार मानिएको छ । स्थानीय तहमा परिचालित संयन्त्रहरु र यस क्षेत्र भित्रका सबै सरोकारवाला निकायहरुलाई लैंगिक उत्तरदायी तथा जवाफदेही बनाउन यो नीतिले मार्गदर्शकको भूमिका निर्बाह गर्नेछ ।

## २.२. लैङ्गिक समानता तथा सामाजिक समाबेशी नीतिको कार्यान्वयन :

लैंगिक समानता तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई स्थानीय सरकारको शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन स्थानीय तहका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी नितिको आबश्यकता र कार्यान्वयन प्रक्रिया सम्बन्धी अबधारणागत स्पष्टता गराउनु जरुरी छ । स्थानीय तहमा क्रियाशिल सबै संयन्त्रहरु, स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, दातृ



देवचुली नगरपालिका राजपत्र

निकाय र निजीक्षेत्र समेतलाई लैंगिक समानता तथा सामाजिक समाबेशी नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

स्थानीय तहको बिकास प्रक्रियालाई लैंगिक तथा सामाजिक समाबेशीमैत्री वनाउन र लैंगिक संबेदनशिल कार्यप्रणाली सुनिश्चित गर्न स्थानीय तहका जनप्रतिनिधी लगायत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा अभिमूखिकरण गरी लैंगिक समानता तथा सामाजिक समाबेशी नीति कार्यान्वयन सम्बन्धी क्षमताको बिकास गर्ने ।

### २.२.१. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रबाहीकरणका लागि संस्थागत संयन्त्र :

लैंगिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि स्थानीय सरकार अन्तर्गतका संस्थागत संयन्त्रहरुमा सुधार गरी लैंगिकमैत्री बनाइनेछ । संस्थागत ब्यबस्थापन साथै कार्यान्वयन सम्बन्धी सिपको बिकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

- लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा स्थापना गरी सो कार्यान्वयनको लागी ।
- समिति गठन तथा परिचालन ।

- लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) नियुक्त गरी कार्यबिबरण तोकीने ।

- स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समाबेशी मैत्री बनाइनेछ ।

- कार्यस्थलमा हुने यौनजन्य दुरब्यबहार नियन्त्रण तथा सुनुवाइको उचित ब्यबस्था गरी कार्यान्वयन गरीनेछ ।

- प्रत्येक वडाहरुमा टोल समितिहरु गठन गरि सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने छ ।

- नगरपालिका क्षेत्र भित्रका वडा तथा टोलस्तरमा टोल समिति परिचालन गरी योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गरिनेछ ।

- स्थानीय तहबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरुको बाँडफाँडमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, आदिबासी जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँच सुनिश्चतताका लागि सञ्जाल निर्माण गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत स्थानीय तहको सबै क्षेत्रको बिकास प्रक्रियामा उनीहरुको क्रियाशील सहभागिता सुनिश्चित गरिनेछ ।

देवचुली नगरपालिका राजपत्र

- स्थानीय तहको गरिबी नक्सांकन साथै लैंगिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक संकलन र अद्यावधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई क्रियाशिल बनाइनेछ ।

**२.१.२. साझेदारी एबं समन्वय र कार्यभूमिका :**

स्थानीय सरकारबाट संचालन गरिने हरेक योजना तथा कार्यक्रमहरु लैंगिकमैत्री र समाबेशीकरण सुनिश्चिततका लागि स्थानीय तहमा क्रियाशिल सबै संयन्त्रहरु र यस क्षेत्र भित्र कार्यरत सबै सरोकारवालाहरु बिच समन्वय र साझेदारी हुनु जरुरी छ । स्थानीय सरकारले लैंगिक समानता तथा सामाजिककरण नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा यस क्षेत्र भित्र कार्यरत विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरू, दातृ निकाय एबं साझेदारहरू संस्थाहरु, निजि क्षेत्र, सामुदायिक समूहहरू तथा आम नागरीकहरूबीच समन्वय र साझेदारी गर्नेछ । यो नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा परिचालीत विभिन्न निकायहरूले निम्नानुसार कार्यभूमिका निर्वाह गर्नुपर्ने छ :

देवचुली नगरपालिका राजपत्र

| **साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू** | **कार्यभूमिका** |
|---|---|
| नगरकार्यपालिका | ▪ स्थानीय तहको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी मूलप्रबाहीकरण सुनिश्चितताका लागि नीति तथा कानुनहरुको पुनरावलोकन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा नेपाल सरकार र स्थानीय सरकारले जारी गरेका नीति तथा कानुनहरु र अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,<br>▪ स्थानीय तहमा लैंगिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट योजना तर्जुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाहरूको पुनरावलोकन गरी लैंगिक उत्तरदायी तथा समाबेशी बनाउने ।।<br>▪ स्थानीय तहको योजना तर्जुमा |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्ने,<br>▪ स्थानीय तहबाट उपलब्ध गराइने सेवा प्रबाह, बितरण गरिने सेवा सुबिधा र फाइदामा लैंगिक तथा सामाजिक समाबेशी पहुँच बृद्धिका लागि स्थानीय तहमा परिचालीत सबै निकायहरुलाई स्पष्ट निर्देशन दिने ।<br>▪ स्थानीय तहको योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा लैंगिक उत्तरदायी भए नभएको सुनिश्चित गर्न र यस सम्बन्धी क्षमता बिकासका लागि लैंगिक तथा सामाजिक समाबेशी शाखा एबं कार्यान्वयन समितिलाई निर्देशन गर्ने ।<br>▪ लैंगिक समानताका लागि भएका नीतिगत र कानुनी सुधारका उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गरिनेछ । |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा, कार्यान्वयन समिति गठन गरी कार्य भूमिका तोक्ने र उक्त शाखाबाट सिफारिस भई आएको लैंगिक सम्पर्क व्यक्ति नियुक्त गर्ने |
| वडा कार्यालय | ▪ समुदाय तहको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी मूलप्रबाहीकरण सुनिश्चितताका लागि स्थानीय सरकारबाट पुनरावलोकन गरी जारी गरिएका नीति तथा कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक उत्तरदायि बजेट तथा कार्यक्रम निर्माण र लैंगिक संबेदनशिल कार्यप्रणली अवलम्वनका लागि स्थानीय सरकारले पुनरावलोकन गर्ने नीति तथा कानुनहरुमा आबश्यक सुझावहरु उपलब्ध गराउने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा नेपाल सरकार र स्थानीय सरकारले |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | जारी गरेका निति तथा कानुनहरु र अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्ने,<br>▪ समुदाय तहमा लैससासको दृष्टिकोणबाट योजना तर्जुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाहरूको पुनरावलोकन गरी लैंगिक उत्तरदायी तथा समाबेशी बनाउने ।।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ वडा तहबाट उपलब्ध गराइने सेवा प्रबाह, बितरण गरिने सेवा सुबिधा र फाइदामा लैंगिक तथा सामाजिक समाबेशी पहुँच बृद्धिका लागि लैंगिक संबेदनशिल तथा न्यायिक बितरण कार्यप्रणाली अवलम्वन गर्ने । |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | ▪ वडा स्तरमा सम्बन्धीत लक्षीत समुदायहरु जस्तै : महिला, बालबालिका, दलीत, अपांग, जेष्ठनागरीक लगायतका ब्यक्ति तथा समुदायहरुको सञ्जाल गठन गरी वडा तथा बस्ती तहको योजना निर्माणमा उनीहरुको सहभागीता सुनिश्चित गरी आबश्यकता पहिचान गर्ने ।<br>▪ स्थानीय तहमा रहेको लैंगिक समानता तथा सामाजिक समाबेशी सम्बन्धी संस्थागत संयन्त्रहरुसंग नियमित समन्वयमा रही कार्य गर्ने ।<br>वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन गरी स्थानीय तहको सुचना शाखामा अद्यावधीक गर्न सहयोग गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा | ▪ स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका सम्बन्धमा नीति तथा कानुनहरु पुनरावलोकन गर्न |



देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | नगरकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ स्थानीय तहका विभिन्न विषयगत शाखाहरू बीच समन्वय गरी उक्त शाखाहरुबाट संचालीत योजना तथा कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक समाबेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ स्थानीय तहमा क्रियाशिल बिषयगत शाखाहरुलाई लैंगिक उत्तरदायी बनाउन खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने,<br>▪ नगरपालिकाका बार्षिक योजना तथा कार्यक्रम र बजेटहरु लैससास पक्षबाट समावेश भए नभएको यकीन गर्ने र संचालीत योजना तथा कार्यक्रमहरूको |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | नियमित अनुगमन गरी तयार गरिएको प्रतिबेदन सम्बन्धमा समिक्षा गर्ने ।<br>▪ स्थानीय तहमा परिचालीत कर्मचारीहरु मध्येबाट लैंगिक सम्पर्क व्यक्ति नियुक्तिका लागि नगरकार्यपालिका समक्ष सिफारिस गरी निजको कार्य बिवरण तोक्ने ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण सम्बन्धमा स्थानीय तहमा सम्बद्ध निकाय तथा कर्मचारीहरुको क्षमता बिकास गरी लैंगिक संबेदनशिल संस्थागत प्रणाली, विधि एवम् कार्य प्रक्रियाहरू बसाल्न सहयोग गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समाबेशी कार्यान्वयन समिति गठनका लागि नगरकार्यपालिका समक्ष सिफारिस गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | समाबेशी सवाल सम्बन्धी गुनासा एबं उजुरीहरु सम्बोधनका लागि नगरकार्यपालिकासंग समन्वय गर्ने ।<br><br>स्थानीय तहलाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आबश्यक कार्ययोजना निर्माण गरी नगरकार्यपालिकाबाट अनुमोदन गराउने र लागु गर्नका लागि सम्बन्धीत वडाहरुसंग समन्वय गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समिति | ▪ आवधिक तथा वार्षिक योजना, कार्यक्रम तथा बजेटमा लैससासका विषयहरु समावेश गर्न नगरपालिकाको बिषयगत शाखा वडा कार्यालय र सरोकारवालाहरुलाई प्राबिधिक सहयोग गर्ने ।<br><br>▪ स्थानीय तहको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहजीकरण एबं |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | सहयोग गर्ने ।<br>▪ स्थानीय तहको समग्र बिकास प्रक्रियामा लैंगिक तथा सामाजिक समाबेशी मूलप्रबाहीकरणका लागि महिला, बालबालिका, अपांग, जेष्ठ नागरीक, बिपन्न लगायत वञ्चितीमा परेका समूहहरूको खण्डकृत तथ्याङ्कहरु उपलब्ध गराउने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन कार्यका लागि लैङ्गिक र सामाजिक समावेशीकरणका सूचकहरु समाबेश गरी खण्डीकृत ढाँचा तयार गर्ने ।<br>▪ लैंगिक तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाहरूको पहिचान गर्न विकास साझेदारहरूको क्षमता विकास गरी सहजीकरण गर्ने ।<br>▪ स्थानीय निकायको नियमित |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | रूपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहको वार्षिक योजना, कार्यक्रम कार्यान्वयन, बजेट बाँडफाँड तथा खर्चको लेखाजोखा लैससासको दृष्टिकोणबाट हुने गरी कार्यक्रम तथा बजेटको समीक्षा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ दलित, जनजाति तथा महिलाहरू जस्ता वञ्चित समूहको सरोकारका विषयलाई सम्बोधन गर्ने स्थानीय तहका विभिन्न कार्यक्रमहरू बीच सहकार्य गराउने प्रयास गर्ने र यस वर्गको विकासको लागि आवश्यक बजेट विनियोजन गर्न वकालत (Advocacy) गर्ने ।<br>महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका बिभिन्न सञ्जालहरु र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण शाखा बिच समन्वय |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | गरी लक्षीत समुदायका सरोकारका बिषयहरु समाधानमा सहयोग गर्ने । |
| लैंगिक सम्पर्क ब्यक्ति | ▪ लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा र लैंससास कार्यान्वयन समितिको मातहतमा रही कार्य गर्ने,<br>▪ स्थानीय तहबाट संचालीत कार्यक्रमहरुमा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासाहरु सुन्ने र सम्बोधनका लागि सम्बन्धीत समिति तथा शाखा समक्ष जानकारी गराउने ।<br>▪ स्थानीय तहको योजना तर्जुमा तथा बजेट बिनियोजन र कार्यान्वयन अबधीमा सम्बन्धीत बिषयगत शाखा, वडा तथा टोलबस्तीहरुमा लैंगिक उत्तरदायी तथा सामाजिक समाबेशीकरण सुनिश्चित गर्न सहजीकरण तथा सहयोग गर्ने ।<br>▪ कार्यस्थलमा हुने योनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | समन्वयकारी भूमिका निर्बाह गर्ने र त्यस सम्बन्धमा आएका उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा एबै समितिमा जानकारी गराउने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एबं समन्वय बिस्तर गरी स्थानीय तहको खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीकमा सहयोगल गर्ने ।<br>स्थानीय तहमा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैंगिकमैत्री सौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार निर्माण जस्ता सवालहरु सम्बोधनका लागि वकालत तथा पहल गर्ने । |
| विषयगत शाखाहरू | स्थानीय तहका महिला, बालबालिका, अपांग, जेष्ठनागरीक तथा वञ्चित समूह लगायत सबै समुदायको बिकासमा पहुँच पुऱ्याउन गरिने हरेक सेवा प्रबाहका बिषयमा लैंगिक समानता तथा सामाजिक समाबेशी शाखा, लैंगिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति र |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | लैंगिक सम्पर्क व्यक्ति बिच दोहोरो सम्बन्ध तथा समन्वय कायम गर्ने । |
| स्वास्थ्य कार्यालय | ▪ स्वास्थ्य सेवा प्रबाहमा न.पा.स्थीत स्वास्थ्य शाखासंग समन्वय गरी महिला तथा वञ्चितीमा परेका जनसाधारणलाई लैङ्गिक संवेदनशील एकीकृत स्वास्थ्य सेवा, सुविधा उपलब्ध गराउने ।<br>लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रबाहमा संबेदनशिल हुने । |
| दातृ निकाय तथा साझेदार संस्थाहरु | लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि स्थानीय सरकारसंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने । |
| गैरसरकारी संस्था | ▪ महिला तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालनका सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंगिक उत्तरदायी तथा लैंगिक |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | संबेदनशिल बनाउन सहजीकरण तथा सहयोग गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूमा वकालत गर्ने तथा लैंगिकमैत्री एबं समावेशीकरण सम्बन्धमा भएका कार्यगत सिकाइहरूको अभिलेख राख्ने ।<br>▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुलाई संरक्षण प्रदान गर्ने ।<br>स्थानीय सरकारले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरु सम्बोधनका लागि समन्वय एबं साझेदारीमा कार्य गर्ने । |
| स्थानीय तहमा गठीत बिभिन्न लक्षीत समुदायहरुको संजालहरु (महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैंगिक बिभेद तथा विभेदकारी सामाजिक प्रचलनको विरुद्धमा र स्रोत तथा प्रतिफलहरूको समानुपातिक पहुँच र न्यायिक वितरणको पक्षमा वकालत गर्ने एबं आवाज उठाउने ।<br>▪ लक्षीत बर्ग तथा समुदायका |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | खास-खास सरोकारका बिषय एबं समस्याहरु र आवश्यकताहरूका सम्बन्धमा सूचना उपलब्ध गराई योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता बिकास सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित महिला तथा बालिकाहरु, असहाय एबं अपहेलीत जेष्ठनागरीकहरुको संरक्षणका लागि सेवाकेन्द्र स्थापना गरी सेवा प्रबाह गर्न माग गर्ने ।<br>▪ लैंगिकमैत्री तथा अपांगमैत्री संरचनाहरु निर्माणका लागि वकालत गर्ने ।<br>सम्बन्धीत वडा कार्यालयसंग नियमित समन्वय तथा सम्पर्कमा रहने । |
| निजी क्षेत्र | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रबाह प्रभावकारी बनाउने,<br>महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने । |
| समुदाय | ▪ स्थानीय तहको योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा स्थानीय समुदायहरु नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारहरूको खण्डीकृत सूचना तथा तथ्यांकहरूको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र नगरपालिकामा उपलब्ध गराउने ।<br>▪ आ-आफ्नो सामुदायिक बिकास कार्यहरुको नियमित प्रगतिको |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | अभिलेख राख्ने एवम् चुनौतिहरूको सामनाका लागि सम्बन्धित वडाहरुमा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ लैंगिक तथा सामाजिक समावेशीकरणको सुनिश्चितताका लागि सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापहरूमा नियमित निगरानीको भूमिका निर्वाह गरी लैंगिकमैत्री तथा समाबेशी बनाउन सम्बन्धित शाखा तथा निकायमा वकालत गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका विद्यमान लैंगिक तथा सामाजिक विभेदकारी प्रचलन तथा अभ्यासहरूका विरुद्ध आवाज उठाउने र सम्बोधनका लागि सम्बन्धीत समुदाय तथा ब्यक्तिहरुलाई सचेत र सजक गराउने गरी अभियानरुपी कार्यक्रमहरु माग गर्ने । |

देवचुली नगरपालिका राजपत्र

| | |
|---|---|
| | सामुदायिक बिकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता गराउन सहयोग गर्ने । |

देवचुली नगरपालिका राजपत्र

## २.२. लैंगिक समानता तथा सामाजिक समाबेशी नीति कार्यान्वयन सम्वन्धि अनुगमन तथा प्रतिबेदन :

देवचुली नगरपालिकाको लैंगिक तथा सामाजिक समाबेशी सम्वन्धी नीतिले निर्दिष्ट गरेका नीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नितिले निर्दिष्ट गरी जिम्मेवारी प्राप्त सम्बन्धित संयन्त्रहरुबाट नियमित रुपमा अनुगमन गरी बार्षिक प्रतिबेदनमा समाबेश गरीनेछ साथै लैंगिक उत्तरदायी सम्वन्धि कार्यक्रम तथा बजेटको तर्जुमा एवं कार्यान्वयनका बिषयहरुमा समेत बार्षिक समिक्षा तथा लेखाजोखा गरिनेछ ।

स्थानीय तहको बार्षिक कार्यहरूबाट महिला, बालबालिका तथा वञ्चित समूहहरूको सेवा, सुविधामा पहुँच, महिला विरुद्ध हुने हिंसा साथै विभेदकारी र त्रुटीपुर्ण सामाजिक प्रचलनमा कमी, समाजमा विद्यमान रहेका जातजातिमा आधारित विभेदमा कमी, मुल प्रवाहबाट वञ्चित समूहहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, पिछडिएका वर्गका लागी मुल प्रवाहमा समावेशी सहभागिता जस्ता प्रयासहरू कार्यान्वयन हुने र सो को नियमित अनुगमन गरी भए गरेका प्रगतीका बिषयमा बार्षिक समिक्षा गरिने छ ।।

### २.२.१. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण लैससास दृष्टिकोणबाट बजेटको अनुगमन :

यसले स्थानीय तहका सबै क्षेत्रका नीति तथा कार्यक्रम, योजना, आयोजना र बजेटमा लैङ्गिक सम्बेदनशीलता छ छैन भनि लेखाजोखा गर्दछ । स्थानीय तहबाट विनियोजीत बजेटले महिला र पुरुषको विकासमा पुऱ्याएको योगदान र कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक सवालप्रति संवेदनशील छ छैन भनि नियमित लेखाजोखा गरीएमा आगामी कार्यक्रम तथा बजेटलाई लैंगिक उत्तरदायी बनाउन प्रोत्साहित गर्दछ ।

स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भए नभएको बिषयमा नियमित लेखाजोखा

गरिनेछ । महिला, बालबालिका तथा वञ्चित समूहहरूका सन्दर्भमा कुल विनियोजित रकमको बाँडफाँडमा कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिक रूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सो सम्वन्धि विस्तृत प्रतिबेदन तयार गरी आगामि दिनमा सुधारका लागि आबश्यक र कार्य योजना निर्माण गरिनेछ ।

स्थानीय तहको अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैंगिक समानता तथा सामाजिक समाबेशी**करण** कार्यान्वियन समितिका सदस्यहरूको प्रतिनिधित्व गराइनेछ र उक्त समितिमा मुल प्रवाहकरणबाट वञ्चित लक्षीत वर्ग महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

## २.३. निष्कर्षः

यद्यपी २२ औ शताव्दीमा पनि हाम्रो समाजमा विद्यमान रहेको लैङ्गिक तथा जातीय असमानता, विभेदयुक्त व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तेस्रो लिङगी प्रतिको नकरात्मक दृष्टिकोण तथा उत्पीडन, गरिवी आदि जस्ता  समाजमा र सामाजिक दृष्टिकमा रहेका विसंगतिहरुलाई निरुत्साहित गर्न नेपालको संविधान २०७२, उक्त संविधानको भाग ३ मा रहेको मौलिक हकहरु जस मध्ये पनि स्वतन्त्रतताको हक, समानताको हक, न्याय सम्वन्धि हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रतताको हक, शोषण विरुद्धको हक, शिक्षा सम्वन्धि हक, भाषा तथा सस्कृतिको हक, रोजगारीको हक, स्वास्थ सम्वन्धि हक, खाद्यय सम्वन्धि हक, आवासको हक, महिला हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरीकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाका हक , सामाजिक सुरक्षाको हक तथा उक्त मौलिक हकहरु कार्यान्वयन गर्न संघीय

सरकारले निर्माण गरेका जातिय भेदभाव तथा छुवाछुत कसुर ऐन जातिय भेदभाव तथा छुवाछुत ऐन २०६८, अपाङगता व्यक्तिको अधिकार ऐन २०७५, आवासको अधिकार ऐन २०७५ खाद्यय सम्वन्धि ऐन २०७५, अनिर्वाय तथा निशुल्क शिक्षा ऐन २०७५, रोजगारी सम्वन्धि ऐन २०७५, सामाजिक सुरक्षा ऐन २०७५, बालबालिका सम्वन्धि ऐन २०७५, स्थानिय तह निर्वाचन ऐन २०७४ ( वडा सदस्य महिला, महिला दलित, पालिकाको कार्यपालिका, जिल्ला समन्वय समिति, एउटै दलको भएमा उपाध्यक्ष, उप प्रमुख महिला), ऐकिकृत सामान्य कानुन मुलुकी देवानी संहिता २०७४ स्थानिय सरकार संचालन ऐनहरु तथा नेपाल सरकारद्धारा निर्माण गरिएका राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्ने प्रयासलाई सार्थकता दिनका लागी देवचुली नगरपालिकाको लैगिक समानता र सामाजिक समावेशीकरणका नीति २०७८ निर्माण गरी जारी गरिएको छ ।

देवचुली नगरपालिका

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत